# तनहूँको मगर समुदायमा प्रचलित घाँटु नाच एक साँस्कृतिक अध्ययन

तिल बहादुर थापा, सहायक प्राध्यापक
आदिकवि भानुभक्त क्याम्पस

**सारसंक्षेप**

घाँटु ऐतिहासिक महत्व बोकेको गीति नाटक हो । लोकगाथा बोकेको गीतिनाटक घाँटुनाच नेपालभरी नै लोप हुँदै गैरहेको र तनहुँ जिल्लाको २ वटा मगर गाउँहरुमा मञ्चन गरिदै आएको पाइन्छ । यहाँ नचाइने 'राच्यं' घाँटु हो जुन निश्चित विधिविधानका साथ तोकिएको तिथिमितिमा मात्र सम्पन्न गरिन्छ । यसको कथावस्तु राजाहरु रिठुवर्तन, कैलाश, नरसिङ वा नरेश्वर र रानीहरु, सत्यवती, विद्यावती र यम्बावती तथा अन्य सामाजिक परिवेश वरीपरि घुमेको छ । घाँटुले घरायसी, कृषिको व्यवसायिक, मानवीय संस्कार आदि व्यवहारिक शिक्षा प्रदान गर्नुका साथै राज्य, राजनेताहरु तथा तीनको सोख, दाउपेच तथा षड्यन्त्र आदि सामाजिक राजनीतिक विषय वस्तुमाथि पनि चर्चा गरेको छ । जसमा ऐतिहासिक गाथा र पहिचान पनि लुकेको छ । यस घाटुँ नाचको मुख्य उद्देश्य नै विगतमा तनहूँ जिल्लाको प्राय: सबै ठाउँमा प्रचलनमा रहेको घाटुँ नृत्य अहिले लोपोन्मुख अवस्थामा छ किन र कसरी यसको लाोप हुदैँछ गयो भन्ने जानकारी राख्नुका साथै घाटु नृत्यको संरक्षणमा टेवा पुगोस भन्ने नै हो । भविपिढीले पनि घाटुँ नाचको जानकारी होस् र घाटुनाच अतिनै महत्वपूर्ण सास्कृतिक नृत्य हो भन्ने जानकारी दिनु पनि रहेको छ । यस अध्ययनमा अवलोकन विधि, प्रश्नोत्तर विधि, मुख्य जानकार व्यक्तिहरुसंङ्गको अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ ।

नेपालको अर्मूत सांस्कृतिक सम्पदा भित्रको एउटा अति महत्वपूर्ण अंश घाटुनाट्य हो । ऐतिहासिक मगरात भनिने गण्डकी क्षेत्रको सभ्यता विकासको प्रारम्भिक चरणमा झाक्रीबाद र आत्मिकवादमा आधारित आदि धर्म पितृपूजा परम्पराबाट घाटुनाट्यको उठान भएको मानिन्छ । मगर जातिको घोट संस्कार (मृत्यु सस्कार) सँग अन्तरसम्बन्धित गीतिनाट्य भएकाले घाटु भनिएको तथा आफ्ना क्षेत्रका महान व्यक्तित्व गौतम बुद्धको महापरिनिर्वाण पश्चात स्थानीय मगरहरुले उनको पनि आत्मा छुट्याउने वा पितृतार्ने रीत सम्पन्न गराई घाटुको सार्वजनिक प्रदर्शनी वैशाख पूर्णिमा तिथि पारेर गर्न थालेको बुझिन्छ । समय क्रमसँगै घाटुनाट्य परम्पराको लोकप्रियता एवं विस्तारसंगै एकातर्फ स्थानीय मुखिया र भुरेटाकुरे राजारानीका जीवन गाथाहरु गुथिन पुगे भने अर्को तर्फ अन्तरसांस्कृतिक आदानप्रदान तथा अन्तरघुलनको प्रभाव स्वरुप रामायण र महाभारतका पात्रहरु राम, लक्ष्मण र कृष्णका प्रसंगहरु पनि झुल्किन पुगे । यसका साथै समसामयिक प्रथा वा प्रचलनका बिम्वहरु सती, लाहुरे परम्परा आदि पनि घाटुमा भित्रियका छन् । हाल यो घाँटुनाच विरलै देख्न पाइन्छ । पश्चिमी संस्कृतिको प्रभावका कारण यो संस्कृति लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ । नयाँ पुस्ताको व्यवस्ताका कारण घाटुनाच

अहिले मगर समाजमा सीमित स्थानमा सीमित व्यक्तिहरुको पहलमा मात्र बाँचिरहेको अवस्था छ । युवापुस्ताको बैदेशिक रोजगारी प्रतिको बढ्दो मोह, गाउँबाट तराई एवं शहरी क्षेत्रतर्फको तीब्र बसाईसराई तथा संचार र यातायातका विकासका साथै आधुनिक प्रविधिको सहज पहुँचका कारण घाटुनाचको परम्परालाई संरक्षण गर्न ठूलो चुनौती थपिएको छ । जबसम्म युवापुस्ताले मौलीक परम्पराको महत्व बुझेर अग्रसरता देखाउदैनन् तवसम्म घाँटु लगायत परम्परागत संस्कृतिको संरक्षणमा ठोस उपलब्धी प्राप्त गर्न सकिदैन् । यस घाटुँ नाचको अध्ययनले घाटुँनाचमा चासो राख्नु हुने पाठकहरुलाई छोटो समयमा घाटुँ नाचको बारेमा जानकारी लिन सहज हुनेछ र भाविपिढिले पनि यसको बारेमा अध्ययन गर्न सक्ने एउट डकुमेन्टको रुपमा पनि लिन सक्ने अर्थात सन्दर्भ सामग्रीको रुपमा रहने छ भन्ने विश्वास लिएको छु । नेपालमा रहेका विविध जातजातिहरुको विभिन्न साँस्कृतिहरु आज लोपोन्मुख अवस्थामा रहेको छ । विविध जातजातिहरुको साँस्कृतिकहरु देशको सम्पतिहरु अर्थात देशका गहना हुन् । त्यसैले त्यस्ता संस्कृतिहरुको संरक्षण र सम्वर्द्धन गर्नु हामी सबैको कर्तव्य हो । यदी यस्ता संस्कृतिहरु लोभ भए भने हाम्रो पहिचान र अस्तित्व नै हराउँ छ । आज विश्वका मानिसहरु नेपालको संस्कृतिसङ्ग रमाउन बर्सेनी हजारौ पर्यटकहरु आउने गर्दछ । आज नेपाललाई संस्कृतिको धनी देश भनेर पनि चिनिन्छ । कुनै पनि देशलाई चिनाउने यस्ता सँस्कृतिहरुको सरक्षण र सम्वर्द्धन हुन आवश्यक छ । राज्यको नितिनिर्माताहरुलाई यसले झकझक्याउनुका साथै केही सहयोग होस् भन्ने आशा लिएको छ ।

**मुख्य शब्दहरु :** घाँटु, गुरुमा, घाँटु नर्तकी, लोकगाथा, पहिचान, रितुवर्तन, कैलाश, नरसिह, नरेश्वर, सत्यवती, विद्यावती र यम्वावती ।

## परिचय

भौगोलीक, साँस्कृतिक, भाषिक तथा जातीय विविधता वा बहुलतामा एकता नै नेपाली समाजको पहिचान हो । यहि विविधताको फुलवारीभित्रको एउटा महत्वपूर्ण फुल हो घाँटु । ऐतिहासीक गाथा र नेपाली लोकजीवनको मौलीकता बोकेको घाँटु मगर र गुरुङ समुदायमा लोपोन्मुख अवस्थाबाट गुज्रीरहेको छ । घाँटु जस्ता नेपाली समाजका गौरवमय तथा राष्टिय पहिचानका संस्कृतिक सम्प्रदायहरुलाई संरक्षण गर्नमा ध्यान नपुरयाए पनि तनहूँ जिल्लाका मगरहरुले आजसम्म जोगाइ राखेका छन् । घाँटुनाचको अध्ययन हालसम्म त्यति भएको देखिदैन् । डा.बराल, डा.मिन पुन लगाएतले घाँटुनाचको केही प्रयास भएको पाउँछौ । आज विभिन्न जातीहरुले नचाउँदै आएको घाँटुनाच हाल आएर विरलै देख्न पाइन्छ । छोटकरीमा भन्नु पर्दा हाल घाँटुनाच लोप हुने स्थितिमा देखिन्छ । तनहूँ जिल्लामा हाल दगाम र साठीमुरे हर्कपुरमा मात्र भएको पाइयो । तनहूँ जिल्लाको धेरै गाउँमा भएको घाटुनाच लोप हुदैजानु हाम्रो संस्कृति लोप हुनु अर्थात हाम्रो पहिचान लोप हुदै जानु नै हो भन्ने लाग्छ । अव पनि आफ्नो संस्कृतिप्रति जर्गेनामा राज्यपक्ष र सम्बन्धित पक्षले ध्यान नदिएमा निकट भविश्यमा यो नाच ईतिहासमा मात्र सिमित हुने निस्चित छ । त्यसैले घाँटुनाच लोप हुनुको कारण खाजी गर्नु अति आवश्यक छ ।

मगर अध्ययन केन्द्र, काठमाण्डौले २०७० सालमा नेपालभरी रहेका घाँटुनाचको राष्ट्रिय गाष्ठीको आयोजना गरिएको थियो उक्त गाष्ठीमा म आफु तनहूँको प्रतिनिधि भएर भाग लिने अवसर मिलेको थियो । उक्त राष्ट्रिय सम्मेलनमा स्याङजा, नवलपरासी, तनहूँ, पाल्पा, गोर्खा र बाग्लुङ्ग लगाएतका जिल्लाको सहभागीता रहेको थियो । उक्त घाँटुनाच सम्बन्धि सम्मेलनले डां.मिन पुनको नेतृत्वमा Journa of Magar studies center समाज शोधमाला घाँटु विशेषाङ्क वर्ष ७, अङ्क २, वि.सं.२०७७ समाजको ऐतिहासिक एवं सांस्कृतिक अध्ययनप्रति समर्पित प्रकाशन गरेको थियो । जुन पुस्तक घाँटुनाच सम्बन्धि अध्ययनको लागी कासेढुङ्गा सावित हुन गयो । जुन अध्ययनले नेपालभरी रहेका घाँटुनाचको जानकारी मिल्यो । आज नेपालभरी घाँटुनाचको प्रस्तुतिले विगतमा यो नाचको अवस्था र घाटुको विविधता देखिन्छ । यस अध्ययनको मुख्य उद्देश्यनै घाँटुको वर्तमान र विगतको अवस्थाको जानकारी लिनु  र यसको सांस्कृतिक, धार्मिक पक्षको छोटकरीमा भए पनि अध्ययन गर्ने हो भने अर्को पक्ष तनहुँ जिल्लामा घाटु अध्ययन यस भन्दा अगाडी भएको पाइएन । नयाँ पिढिलाइ केही जानकारी होस् भन्ने हेतुले केही प्रयास गरेको छु । अगामी अध्ययनहरुको लागी केही सहयोग होस् भन्ने आशा र विश्वास लिएको छु । यस अध्ययनमा समावेश गरीएका महत्वपूर्ण प्रश्नहरु निम्न अनुसार रहेको छ ।

- घाँटु कस्तो प्रकृतिको नृत्य हो ?
- घाटु नाच कहिले कहिले नचाइन्छ ? घाटु नाचको शुरुवाट र अन्त्य कसरी गरिन्छ ?
- घाटु नाचको साँस्कृतिक महत्व के हो ? घाटु नाच नचाउनुको मुख्य उद्देश्य के हो ?
- घाटु नाच नचाउँनुको धार्मिक, सास्कृतिक, ऐतिहासिक महत्वहरु के के हुन् ?
- घाटु नाच कसरी नचाइन्छ ? यस नृत्यमा मुख्य भूमिका कस्को रहन्छ ?
- घाटु नाच लोप हुँदै जानुको मुख्य कारणहरु के के हुन् ?
- घाटु नाचमा कुन कुन उमेर समुहका महिला र पुरुषहरुलाई नचाइन्छ ?
- घाटु नाचमा घाटु नाचमा कस्ता कस्ता गीतहरु गाइन्छ ?
- घाटु नृत्यमा प्रयोग हुने सामग्रीहरु के के हुन् ?

**पूर्व साहित्यको समीक्षा :** तनहूँमा घाँटुनाच कहिलेदेखि शुरु भयो भन्ने विषयमा तिथिमिति खुलेको अभिलेख तथा जान्ने बुझ्ने मानिसहरु पाउन सकिएको छैन् । बुढापाकाहरु कयौ पुस्ता अघिदेखि नाचिदै आएको बताउँछन् । घाँटुनाचको ऐतिहासिकताको कुरा गर्दा यो गीतिनाटक कुन कुन समुदायमा नाचिन्छ भन्ने पनि केलाउन जरुरी छ ।  घाँटु गण्डकी प्रदेशका गुरुङ्ग, मगर, दुरा, दरै, कुमाल, माझी, थारु आदि जातिमा प्रचलित नृत्य नातिका हो । (गुरुङ्ग, २०६७, १७६) । लिम्बुहरुको धर्मशास्त्र मुन्धुममा आधारीत घाँटुको  उल्लेख भए पनि त्यस्तो घाँटु प्रचलनमा भएको पाइदैन् ।  काठमाडौको पकनाजोलको भजनाश्रमको अति पुरानो हस्तलिखित पुस्तकमा नेवारी भाषामा लेखिएको घाटुको गीत उल्लेखगरीएको पाइन्छ । त्यतिबेला उक्त नेवारी गीतमा केटाले

गीतको अर्थअनुसार केटीको अङगोपाङ औल्याउदै नाच्ने गर्दथे । तर सम्बत १८२२ सालमा नेवार राजाले घाँटुनाच बन्द गरिदिएका थिए । (पन्त, २०२८ : १५६-१५८), उदघृत बराल, २०५०:९७-९८)

**उत्पति र विस्तार :** घाटुनाच परम्पराको उत्पति विन्दु र विस्तारका बारेमा गहन अध्ययन गरी तर्क वा विचार ल्याइको पाईदैन् । धर्मराज थापा (२०४१) । वैकुण्ठ गजुरेल (२०६३) ले घाटुका मुख्य पात्र परशुराम र यम्वावतीलाई लम्जुङ्गका राजा कालु शाह र रानी चम्पावतीको छोरा बुहारीसँग लम्जुङ्गका राजा कालु शाह र रानी चम्पावतीका छोरा बुहारीसँग सम्बिन्धत गराउन खोजेको पाइन्छ । राजा परशुरामको युद्धका क्रममा भीरकोट र पर्वतको दोसाँधतिर भएको र रानी सती गएपछि स्थानीयले उनीहरुको सम्झनामा गाथा गाउन शुरु गरेका हुन भन्ने अनुमान गरिएको छ । थापा र गजुरेलको अनुमान वा तर्कअनुसार घाटुनाट्य परम्पराको थालनी ई.स.१५६० को सेरेफेरोतिर लमजुङ्गबाट भएको भन्ने बुझिन्छ । नवलपरासीदेखि लमजुङ्गसम्म प्रचलित घाटुनाट्यका् प्रारम्भिक खण्डको आरधना गीतमा उल्लेखीत विवरणलाई अध्ययन गर्ने हो भने उत्पति विन्दु नवलपरासीकै देवचुली क्षेत्र हो भनी सहजै अनुमान गर्न सकिन्छ । साचिलो छौ भने हिमचुली देवता आइजा साँचिलो छौ भने वरचुली देउता आइजा, भन्दै घाटुकन्याहरुमा देवात्मा चढाइन्छ । नवलपरासी क्षेत्रबाट गण्डकी प्रश्रवण क्षेत्र भरिका वस्तीहरुमा घाटुनाट्य परम्परा विस्तार हुन गएको देखिन्छ । गोंखा र लम्जुङ्ग क्षेत्रमा प्रचलित घाटुनाट्य पनि नवलपरासीबाट, पाल्पा र स्याङ्गजा हुँदै विस्तारित भएको देखिन्छ । स्याङ्गजा भीरकोटका शाहहरुले लमजुङ र गोरखासम्म राज्य विस्तार गरेको कुरा इतिहासमा उल्लेख छ । तिनै शाहहरुका कुलायन मानिएको स्याङजाको आलम थानमा आजसम्म मास्की राना मगरहरु पुजारी बन्ने परम्परा रहिआएको छ ।

**घाटु शब्दको व्यूत्पति :** घाडो शब्दको अपभ्रंश रुप नै घाटु हो वा सती गएको घाटबाट सतीघाटु नामाकरण हुन गएको हो भन्ने जस्ता सतही निश्कर्ष निकालिएको पनि पाइन्छ । मगर भाषाको घोट शब्दमा उ मगरी व्याकरणको षष्टी विभक्ति लागेर बनेको घोट शब्दकै अपभ्रंश रुन नै घाटु हो । घोट शब्दले मगर जातिको मृत्यु संस्कारलाई बुझाउछ । घाटुले मृत्यु संस्कारकै एउटा चरण वा पक्षलाई संकेत गर्दछ । वार्षिक श्राद्ध अर्थात पितृथापनाको रीत सम्पन्न गर्ने क्रममा माङल्यानी शोकगीत गाउँने महिलाले शोकगीत गाउने र अन्तमा अन्य आनन्दमय गीत गाउने र नाच्ने गरिन्छ । (ओपित्ज, सन १९८२:३८६-३९४ र श्रीस मगर॥ २०६७:९६-९७) । तनहूँको याङचोक र नवलपरासीको अर्खला गाउँका मगर समाजमा पनि गहिरो दुःख वा शोकमा झाम्रे बस्ने चलन रहेको छ । यस्तो अवस्थामा गाइने झाम्रेमा भगवानसँग सहयोग र आर्शीवादको आहवान गरिन्छ । (जिरो, सन १९७४:२७०, शेफर्ड, सन १९८२:२६१ र श्रीस मगर, २०६७:९८) ।नवलपरासी क्षेत्रमा प्रचलित घाटु गीतिनाट्यमा पाइन्छ । घाटु मिथक अनुसार नवलपरासीका गोरत थारुहरु मगरकै एउटा हाँगो भएको बुझिन्छ । त्यहाँका थारुहरुले स्थानीय मगरहरुको सहयोग र सहकार्यमा देवचुली पहाड स्थित घाटुदेवी कुमारवर्तीमाई को पुजाआजा गर्ने परम्परा रहिआएको छ । डा.गोविन्द आचार्य,२०६८, डा.मिन श्रीस, २०७० ।काठमाडौं उपत्यकामा

नेवार समुदायमा प्रचलित चैते घाटु र गरुङ्ग र मगर जातीमा प्रचलित घाटु र बाह्रमासे घाटु गरी घाँटुलाई मुलत दुई भागमा वर्गीकरण गरेका छन् । उनले गण्डकी अञ्चलमा गुरुङ्ग र मगर जातीमा प्रचलित घाटु त्यस क्षेत्रका दुरा समुदायमा पनि प्रचलनमा रहेको उल्लेख गरेका छन्। उनले गुरुङ्ग र मगर समुदायमा प्रचलित घाँटुलाई सती घाँटु र बाह्रमासे घाँटु गरी दुइ भागमा विभाजन गरेका छन् । बेनी जङ्ग रावल, २०६३ घाटुलाई लोकगाथाका रुपमा परीभाषित गरेको पाइन्छ । उनले यसलाई धर्म गाथा, संस्कारमूलक गाथा, लोकपराणमूलक किम्वदन्ती गाथा आदि नाम दिएका छन् । घाँटुलाई धार्मिक गाथा भनिन्छ । खासगरी घाँटुको प्रस्तुतिमा रहेको अनुष्ठान र त्यसप्रसङ्ग गाँसिएको कुलपुरुषको पूजा नै यसको धार्मिक आधार हो । पराजुली, मोतीलाल, २०४९:९२ ।

कुमारी युवतीहरुले मन्त्रसहितको गीत गाएर अङ्गविन्यासकासाथ नाचिने पुराना कथामा आधारित गुरुङ्ग जातिको लोक नृत्य हो । बृह्रत शब्दकोश्र २०४० :३७३ नवलपरासीको मगर र गरुङ्ग मिश्रीत गाउँमा प्रचलित घाटुमा सिकार खण्डको प्रसग आउने उपखण्डमा कुसुन्डा जातिकै लामा झाक्रीलाई बोलाएर गाउन लगाइन्छर त्यस क्रममा गीत गाउने झाक्री र नाच्ने कन्याहरु काप्न थाल्दछन्र झाक्रीले गीत गाउन छोडेपछि घाटुकन्याहरुले गहुँत खाएर शुद्ध हुन्छन् । शेफर्ड सन १९८२:२५९ । स्याङ्गजाको गराम्दीमा प्रचलित घाटु सम्बन्धी किम्वदन्ती अनुसार ढयाङग्रे लामा झाक्री र नौ बहीनीहरु बीच बैमनस्यताको कारण तन्त्रमन्त्रको युद्ध चल्दा नौ बहिनी परास्त भई अलपिए पछि नौकन्यका रुपमा उत्रेको हुदाँ तिनै नौकन्यालाई घाटु नाच्ने कन्याहरुमा आरोपित गरेपछि मात्र घाटु कन्याहरुमा झाक आउँछ । डा.बराल, केशरजङ्ग, मगर, २०५०:९९ । किम्बदन्ती अनुसार पहिलो झाक्री पुरन र नौ बहिनी बोक्सी बीचमा दून्द बढ्दै गएपछि झाक्रीले दोबाटोमा बोलाएर मार्ने योजना बनायो तर बोक्सीहरुको अनुनयविनय स्वीकारेर झाक्रीले सम्झौता गर्‍यो । बोक्सीले मानिसलाइ विरामी पार्ने र झाक्रीले झारफुक र बलिपूजा गरेर निकोपार्ने सम्झौता भयो । वार्टस्, सन १९७५: १५१-१५५ । घाटुलाई सतीघाटु भन्ने गरिन्छ । मगर भाषामा सदगति गर्नुलाई सटीगटी वा सटी भनिन्छ । त्यसैले सटीघाटु हो अर्थ घोट संस्कार मृत्यु संस्कार को सदगती चरण वा रीत भन्ने हुन्छ । घाटु नाच सम्बन्धी विविध अध्ययनबाट यो जानकारी हुन्छकी यो घाटु नाच मगर बाहेक अरुजातीहरुमा पनि प्रचलनमा रहेको हाल आएर गुरुङ्ग जातिमामा प्रचलनमा रहेको पुस्ती हुन्छ । मगर समुदायमा यदाकदा घाटु नाच नचाएको देखिएता पनि वास्तविक घाटु अर्थात प्राचिनकालमा अभ्यासमा रहेको जस्तो नभै आधुनिकीकरणले गर्दा वास्तविक्ता हराउदै गएको पाइन्छ किनभने अहिलेको नयाँ पिढिलाई घाटु नाचको ज्ञान नभएको र आधुनिक बाजागाजामा नाच्ने गरेको पाइयो । नेपालमा हालसम्म घाटु नाचको अध्ययन थोरै मात्र भएको पाइन्छ । यस अध्ययन अरु अध्ययन भन्दा निम्न कारणले पृथक हुने विश्वास लिएको छु ।

- तनहूँ जिल्लाको सन्दर्भमा घाटु नाचको अध्ययन अहिलेसम्म भएको पाइएन । त्यसैले मेरो अध्ययन तनहूँ जिल्लाको लागी एक महत्वपूर्ण स्रोत बन्न सक्छ भन्ने लाग्छ ।
- यो अध्ययन भाविपिढीको लागी एक दस्तावेजको रुपमा रहने विश्वास लिएको छु ।

- लोपोन्मूख रहेको घाटु नाच अगामी अध्ययन कर्ता, खोज कर्ता, शिक्षक र विद्यार्थीको लागी महत्वपूर्ण हुने विश्वास लिएको छु ।
- आज विविध जातजातीमा रहेको यस्ता संस्कृति हराउदै जाने होभने हाम्रो संस्कृति लोपहुदै गएर इतिहासमा मात्र सिमित हुने अवस्था नआओस सबै जातजातिहरुले आफ्ना संस्कृतिहरुको महत्व बुझ्न सकोस् भन्ने विश्वास लिएको छु ।
- घाटु नाच मगरहरुको अरु नाचहरु भन्दा पृथक रहेको र यसको आफ्नै महत्वरहेको मगर समुदायमा चिनाउन पनि सकोस् भन्ने विश्वास लिएको छु ।

## अध्ययन विधि र क्षेत्र

घाटु नाचको अध्ययन गुणात्मक र संख्यात्मक दुबै प्रकृतिको विधि अपनाइएको छ । त्यसैले यस अध्ययन मिक्स विधिमा आधारीत रहेको छ । घाँटु नाचको अध्ययनको क्रममा प्राथमिक र दूितीय स्रोतहरुको प्रयोग गरिएको छ । जसमा केही तथ्याङकहरु प्राथमिक तथ्याङ्मा आधारीत भए पनि धेरै तथ्याङ्कहरु द्धितिय तथ्याङ्मा आधारीत रहेर अध्ययन गरिएको छ । तनहूँ जिल्लाका प्रायः गाउँहरुमा लोप हुँदै गएको र त्यति प्रचलनमा नरहेको पाइएकोले प्रायः द्धितिय स्रोतलाई आधार मानी अध्ययन गरिएको छ । त्यस्तै दवुङ्ग, दगाम दमौली हुने विभिन्न कार्यक्रमहरुको अवलोकन साथै घाँटु विज्ञहरुसंग प्रश्नहरु सोधिनुका साथै घाँटु प्रर्दर्शनी स्थलमा पुगेर अन्तरर्वार्ता लिइएको छ । तनहूँ जिल्लाका मगर बस्तीहरुमा घाँटुनाचको परम्परा कहिलेदेखि शुरु भयो भन्ने प्रमाण वा आधारहरु पाउन नसकिए तापनि घाँटुनाचका ज्ञाता गुरु आमा डुम्रिबेशी डाँडाका ८६ बर्षीय गालुमाया लामिछाने मगरका अनुसार तनहूँ जिल्लामा परापूर्वकालदेखि नै मगर समाजमा घाँटुनाचको प्रचलन रहिआएको छ । स्थानीय बोलीचालीको भाषामा घाटो, घाटु वा घाँटुनाच भनिए पनि यो लोकनाटको समूहमा पर्दछ ।

तीन प्रकारका घाँटु मध्ये सतीघाँटु ज्यादै लोकप्रिय र प्रचलित घाँटु हो । यो निश्चित तिथिमिति र विधिविधान अनुसार प्रदर्शन गराइन्छ । बाह्रमासेघाँटु बाह्रै महिना नचाउने हुनाले खास तिथिमितिको आश्यकता पर्दैन् । आवश्यकता र समयानुकुल कुनै पनि बेला नचाउने गरिन्छ । बाह्रमासेघाँटु धेरै वर्ष अघि प्रायः सबै मगर गाउँमा प्रचलनमा रहेको भए पनि हाल आएर तनहूँ जिल्लाको खैरेनीटार दगाम गाउँमा र जामुने गाउँपालिका डुबुङ्ग साठीमुरे गाउँमा मात्र प्रचलित छन् । शिक्षक तथा घाँटु विज्ञ श्री नन्दराज थापा मगर, खैरेनीटार, माझदगाम गाउँमा पुगी वहाँसँगको अन्तर्वार्ताको क्रममा जानकारी पाइयो । दूितीय स्रोतको रुपमा घाँटुनाच सम्बन्धी लेख रचना, पुस्तकहरु र इन्तरनेटबाट समेत अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ । घाँटुनाच तनहूँ जिल्लाको दगाम र सागे हर्कपुरमा हालसम्म यो नाच प्रचलनमा रहेको पाइयो । बन्दीपुर, घिरिङ्ग, रिसिङ्ग गाउँपालीकाको ग्वास्लुङ्ग, व्यासनगरपालीकाको केशवटार लगाएतको ठाउँहरुमा धैरे अगाडी प्रचलनमा रहेको भनीएता पनि हाल प्रचलनमा रहेको पाइएन अर्थात लोप हुदैगएको पाईयो । त्यस्तै गरी समाज सेवी एवम् मगर भाषा संस्कृतिका

विज्ञ व्यासनगरपालिका वडा नं.१३ बेलबास निवासी याम बहादुर आले भन्नुहुन्छ प्राचिनकालमा नेपालको प्राय सबै ठाउँमा घाटु नाच प्रचलनमा रहेको र हाल यो घाटु नाच तनहूँ जिल्लाको दगाम गाउँ र हर्कपुरको साठीमुरेमा प्रचलनमा रहेको पाइयो तथापनि घाटु नाच प्राचिनकालमा जस्तो प्रचलनमा लरहेको बताउनु हुन्छ। घाटु नाच मगरहरुको अरु नृत्य भन्दा पृथक रहेको यसको आफ्नै सास्कृतिक महत्वरहेको बताउँनु हुन्छ। त्यस्तै गरी रिसिङ्ग गाउँपालिका वडा नं ७ का वडा अध्यक्ष दुर्गा बहादुर थापाका अनुसार घाटु नाच मगरहरुको मौलीक संस्कृतिको यसको जगेर्ना गर्न सकेनभने मगरहरुको संस्कृति नै अपुरो हुनेृ बताउनु हुन्छ किनभने घाटु नाच अरु नाचमा भन्दा धेरै विधि विधान र तैरतरीका र अर्थ रहेको पाइन्छ। नाच परीपक्व गुरुमाको आवश्यकता पर्ने यदि थोरै मात्र विधिविधान गल्ती हुन गएमा मानीसको ज्यानै जनसक्छ भन्ने विश्वास छ। त्यसको साथ साथै निश्चित तिथि मिति पारेर शुरु गरी निश्चित तिथिमा समापन गर्नपर्ने अतिनै महत्वपूर्ण नाचको रुपमा घाटुलाई लिइन्छ।

**सुरुको गीत**

*चोखै र पानी चोखै र गोबर*
*लिपौला हरे बयानी*
*चमरी गाईको गोबर*
*लिपौला हरे बयानी*
*सातै र मूलको पानी*
*लिपौला हरे बयानी*
*उठ हो रे बयानी*
*घरपति आँगन उठी खेल*
*जैस न तैस नाच हो रे बयानी*
*नाच हो रे बयानी*
*देबचुली मायु नाच हो रे बयानी*
*बडाचुली मायु नाच हो रे बयानी*
*हिवैचुली मायु हो रे बयानी*
*सात कन्यामायु नाच हो रे बयानी*
*पाँच कन्यामायु नाच हो रे बयानी*
*तीनै कन्यामायु नाच हो रे बयानी*
*कुमारवती मायु नाच हो रे बयानी*

**आरम्भ खण्ड**

बन्दना

*आफ्नो जो पिरकीलाई खोजैला*
*सुनकल्छे झरियामा जल लवैला*
*कालि गाईको गोबरैले लिपैला*
*माली गाईको गोबरैले लिपैला*
*कैली गाईको गोवरैले लिपैला*
*मैली गाईको गाबरैले लिपैला*
*नवै मूलको जलैले लिपैला*
*आफ्नो जो पिरकीलाई पुजैला*

**देव पुकार**

*पहिलै सम्झौ सरस्वती तुम चली आऊ*
*वालीकन्या कुमारीको शिरै झोकी आऊ*
*उही पछि गुरुदेव तुम चली आऊ*
*वालीकन्या कुमारीको शिरै झोकी आऊ*
*गुरुआमा, गुरुबाबा तुम चली आऊ*
*गावैँ सम्झौं सिमेभूमे तुम चली आऊ*
*वालीकन्या कुमारीको शिरै झोकी आऊ*
*चण्डीमाई, चामुण्डामाई तुम चली आऊ*

.................................................

*डाँडाकाँडा देवीदेउराली तुम चली आऊ*
*वालीकन्या कुमारीको शिरै झोकी आऊ*

**आङ बाँध्ने गीत**

*जलैले जपीजपी पावै बाधैला*
*अक्षतीले जपीजपी कम्मर बाँधैला*
*बीरबलै जो जपीजपी शिरै बाँधैला*
*आफ्नो जो गुरुको नाउँमा बाँध्यो बीरबल ।*

**घाटु उठाउने गीत**

*बावै घुँडा टेकी उठैला हो*
*(उठीमा नाच सरुमा रानी) नाचैला हो*
*पूर्वै दिशा मुहार फर्काइ नाचौला हो*

*देवालीको अन्तरैमा देवाली नचाउ*
*दक्षिणै दिशा मुहार फर्काई नाचौला हो*
*(उठीमा नाच मैया रानी ) नाचैला हो*
*देवालीको अन्तरैमा देवाली नचाउ*
*पश्चिमै दिशा मुहार पर्काई  नाचैला हो*
*(उठीमा नाच सीता रानी) नाचैला हो*
*उत्तरै दिशा मुहार पर्काई नाचैला हो*
*(उठीमा नाच अम्बावती रानी) नाचैला हो ।*
*देवालीको अन्तरैमा देवाली नचाउ ।*

**घाँटुको व्याख्या**

**घाँटो नचाइने मगर गाउँहरु :** घाँटु नचाइने स्थानहरुको सोधखोज गर्दा तनहूँ जिल्लाको धेरै गाउँहरुमा घाटुनचाएको इतिहास पाउँन सकिन्छ तथापी अहिले आएर केही गाउँहरुमा बाहेक यो घाँटुनाच भने प्रचलनमा नरहेको पाइयो । प्राचिन कालमा घाटुनाच बन्दीपुर, रिसिङ्ग, घिरिङ्ग, देवघाट, तनहूँसुर लगाएतका क्षेत्रमा रहेको भनाइ छ । अहिले आएर सागै हर्कपु, साठीमुरे र दगाम गाउँमा मात्र घाटुनाच प्रचलनमा रहेको पाइयो ।

**घाँटुको प्रकार :** घाँटुका विभिन्न प्रकारहरुमा सती घाँटु, कुसुन्दा घाँटु (मेरे) र लामा घाँटु पाइन्छ । तर घाँटुलाई घाँटुको हाउँभाउँ र नाच्ने समयको आधारमा राच्य घाँटु, बाह्रमासे घाँटु र माराच्य घाँटु गरी तीन भागमा विभाजन गर्न सकिन्छ । (डा.बराल, २०५०:१००-१०१) ।

**प्रदर्शनी समय :** पाल्पा, स्याङजा र तनहूँ जिल्लामा चण्डीपूणीमा भन्दा एक दुई दिन अघिदेखि साझपख एक दुई घण्टा घाटु नचाउने गरिन्छ । पूर्णीमाको दिन घाटु गीति नात्य पुरा गरेर त्यसको भोलीपल्ट समापन गरिन्छ । पाल्पा बिरकोट-१ की पूर्व घाटुआरी राजकुमारी सारुका अनुसारका अनुसार पाल्पामा चैत्रपूर्णीमाका दिन प्रारम्भ गरी चन्डीपूर्णीमा र दसहरामा नचाएर असार पञ्चमी वा पूर्णिमाका दिन विधिवत समापन गरिन्छ । डा.केशरजंग बराल मगर (२०५०) ।

**घाँटु नचाइने तिथिमिति तथा समयावधि :** यौनात पूजा गरेपछि घाँटुनाच विधिवत शुरु हुन्छ । यौनाट पूजा श्रीपञ्चमी वा यसको अघि वा पछि आवश्यकता अनुसार हुने गर्दछ । साधरणतया श्रीपञ्चमीको दिनमा घाँटु शुरु गर्न यो दिन वा अघि यौनाट पूजा गर्ने गरिन्छ र पहिलो सती घाँटु नचाइन्छ । त्यसपछि होली पूर्णीमा, चैतेदशै र बौद्ध पूर्णीमाका तिथिहरुमा नचाउने गरिन्छ । श्रीपञ्चमी, होली पूर्णीमा र चैतेदसैमा सती ढालेर

जगाउने काम हुन्छ। चैतेदशैमा घाँटु बाहेक अरु पात्रहरु जोगीया, मृग आदिको अभिनय पनि गराउने काम हुन्छ। बौद्ध पूर्णीमामा भने सती ढालेर जगाउने विधि बाहेक अरु सबै नाच गर्ने गरिन्छ र यो दिन विधिवत रुपमा सो वर्षको लागि समापन गरिन्छ। घाँटुनाच छोड्ने नर्तकीहरुले पनि सोही दिनमा विधिविधान गरी छोडाउने गरिन्छ।

**घाँटुका पात्रहरु, संख्या तथा सहभागीहरु** : घाँटु वियोगान्त आख्यान बोकेको गीति नाटक भएकाले यो सम्पन्न गर्न यसमा नाच्ने पात्रहरु तथा सहभागीहरुको ठूलो समूह हुने गर्दछ। सामान्यतया यस समूहमा घाँटु नर्तकी, निर्देशक, सहायक निर्देशक गायक तथा नर्तकीहरुको सुसारेहरु, पूजाआजा गर्न सघाउने उपराहरु, स्थानीय गाउँलेहरु, जोगीया तथा मृग र अन्य अभिनय गर्ने हास्यकलाकारहरु आदिको जमघट हुने गर्दछ। यो एउटा वियोगान्त आख्यानमा आधारीत परम्परागत विश्वासमा अडिएको नाटक भएकोले यसको हाउभाउ ढिलो हुन्छ। यहाँ प्रमुख भूमिका घाँटु नटर्कीहरुको हुन्छ

**घाँटु नर्तकीहरुको छनौट :** तनहूँको दगाम र हर्कपुर साठीमुरेमा प्रचलित घाँटुनाच घाँटु अर्थात झाँक आएर नाचिने घाँटु हो। घर परिवारमा कोही विरामी परेमा, कन्या आफै बिरामी परेमा, वा कुनै अनिष्ट परेको वा अनिष्ट हुने खतरा रहेको अवस्थामा त्यो घाँटु देवताले गरेको कुरामा लामा -झाँक्री) हरु वा जान्ने मान्छेहरुले बताएमा घाँटु नचाउने भाकल गरि कन्यालाई घाँटु गुरुमा कहाँ जाने चलन हुन्छ। घाँटु गुरुमाले पक्का घाँटु उत्रेको हो वा होइन जान्न घाँटु नचाइरहेको तिथिमितिमा भए नाचेको स्थलमा ल्याउँदा झाँक आएमा र घाँटु देवता बकेको घाँटु भनी छुट्याउने गरिन्छ। नचाइने तिथिमिति नभएको समयमा घाँटु नर्तकी छुट्याउन कार्तिक एकादशीका दिन घाँटोडी स्थलमा बोलाइन्छ र त्यहाँ झाँक आइ कुन घाँटु देवता भई अभिनय गर्ने र कति बर्ष नाच्ने घाँटु नर्तकीहरुले झाँक भन्ने गर्दछन्। त्यसैको आधारमा घाँटु नर्तकी छनौट गर्ने गरिन्छ।

**भेषभूषा तथा सिंगारपटार** : घाँटु परम्परागत गीतिनाटक भएकोले यस नाचका लागि पनि परम्परागत पहिरनहरु प्रयोग गर्ने गरिएको पाइन्छ। घाँटु नर्तकीहरुले चोलो, छिटको गुनियो वा फरिया, घलेक, पुटुका -माथा), पछयौरी -लर्फ,लुहुप) पहिरन लाउने गर्दछ। पोते -काँचीको माला), नर्तकीको गच्छेअनुसार सुनका गरगहना -फुली, बुलाकीदेखि धेरै गरगहनाहरु लगाइने जुन ठाउँ अनुसार फरक फरक हुने गर्दछ।

**आवश्यक सर सामग्रीहरु :** घाँटो नाचमा अलौकीक शक्तिको विश्वास हुन्छ। यो नाच पूजाआजाको विधिविधान गरी नाचिने भएकोले त्यसको लागी आवश्यक सरसामग्रीहरु पनि आवश्यक पर्दछ। यहाँ लोक कथामा उल्लेख गरिएको खोरल्ही -धनुकाँड), राजदण्ड (राजौडाङ) , ढकिया, पासा, अँम्खोरा -बैना) अन्य भाडाँकुडाहरु, घोडा पनि सांकेतिक रुपमा काठ वा बाँसको बनाएर प्रयोग गरिन्छ।

**विधिविधान :** घाँटुनाच सुरु गर्नुअघि नाच्ने स्थानलाई लिपपोत गरी नयाँ गुन्द्री विच्छयाउने गरिन्छ। घाटोहरु सिंगार पटार गरी आ-आफ्नो स्थानमा बस्छन्। गुरुआमाहरुले देवीदेवता बोलाउने गीत गाउँछन्। घाँटोहरुमा आ-आफ्नो देवता -तीन/तीन राजा वा रानी मध्ये एक) चढेपछि झाक आउँछ र उठेर नाच्न थाल्दछन्। त्यसपछि गुन्द्री हताइन्छ। लिपपोत गरेको स्थानमा मात्रै नाँच हुन्छ। कुनै घाँटु कन्याले राजा-रानीको जोडी नपाएमा राजा र रानीको भूमिका एक्लैले विर्वाह गर्ने चलन छ।

## समापन विधि

गाउँदेखी केही पर बाँस र सालको लिङगोसँगै गाडेर फूलपातीले गोवरले लिपेर थान बनाएर मिगुरमाहरु र घाटुसारेहरु गाउँदै नाच्दै थानमा गई थानको वरीपरी घुम्दै नाच्छन् र कुवारले चण्डी, मायूहरु र सम्पूर्ण देवीदेवताहरुको नाममा बाख्राको पाठी, एक जोर परेवा, कुखुराको भाले र पोथी मन्साएर विधिपूर्वक पूजा गरेर पूजा गर्दा मिगुरमा र राजाको भूमिका निभाउनेले कुखुराको भाले सामुहिकमा एक जोर परेवा र अन्य घाटुसारे वा बयानीहरुले पोथीको बलि दिएर पूजा गरी दुधधार दिएर समापन गरिन्छ। नाच सकिए पछि घाटोसारेहरुले कलशमा राखेको रुपैया पञ्चमी वा पूर्णीमामा घाटो पूजा गर्दा थानमा चढाउनु पर्दछ। पछि समय अनुकुल पारेर सामूहिक रुपमा घाटो, कौरा र भयाउँरे सबै नाचहरुलाई दशहरा वा असार महिनाको पञ्चमी वा पूर्णीमा तिथी पारेर विशेष पूजा गरी सामूहिक रुपमा सुगुर, परेवा, कुखुरा बली दिएर पूजा गरेर सौहार्दपूर्ण रुपमा रमाइलोका साथ विसर्जन वा समापन गरिने परम्परा रहेको छ। डा.बराल, २०५०

## वर्तमान अवस्था र चुनौति

नयाँ पुस्ताको व्यवस्ताका कारण घाटुनाच अहिले मगर समाजमा सीमित स्थानमा सीमित व्यक्तिहरुको पहलमा मात्र बाँचिरहेको अवस्था छ । युवापुस्ताको बैदेशिक रोजगारी प्रतिको बढ्दो मोह, गाउँबाट तराई एवं शहरी क्षेत्रतर्फको तीब्र बसाईसराई तथा संचार र यातायातका विकासका साथै आधुनिक प्रविधिको सहज पहुँचका कारण घाटुनाचको परम्परालाई संरक्षण गर्न ठूलो चुनौती थपिएको छ । जबसम्म युवापुस्ताले मौलीक परम्पराको महत्व बुझेर अग्रसरता देखाउदैनन् तवसम्म घाँटु लगायत परम्परागत संस्कृतिको संरक्षणमा ठोस उपलब्धी प्राप्त गर्न सकिदैन् ।

## निश्कर्ष

नेपाली लोकसंस्कृतिको आकाशमा एउँटा सुन्दर ताराको रुपमा रहेको घाटुनाट्य कतै अदृश्य भएर जाने होकी भन्ने त्रासले सबै लोकसंस्कृति प्रेमीहरुको मनमा घर बनाइरहेको छ । केही दशक अघीसम्म गण्डकी क्षेत्रका हरेक गाउँबस्तीहरुमा प्रर्दन गरीने अति लोकप्रिय गीतिनाटक घाटु आज केही गाउँमा मात्र अवशेषको रुपमा यदाकदा देखिन्छ । यही राज्य र सम्बन्धित पक्षले बेलैमा संरक्षण नगर्ने हो भने घाटुनाच लोप हुने निश्चित छ । प्राचिन कालमा मगर, गुरुङ, कुमाल, माझी, दराई, दुरा, बराम, ठकुरी र दलित जातिमा समेत प्रचलित घाटु कुनै बेला नेवार र लिम्बुमा समेत फैलिएको थियो भनिन्छ । अहिले पनि नुवाकोट विदुरका बाहुन क्षेत्री र मकवानपुरका केही तामाङहरुले घाटु प्रदर्शन गर्दै आएको पाइन्छ । घाटुनाट्यको उत्पति र विस्तार कहाँबाट र कहिलेदेखि भएको हो भन्ने बारे एकिन पनि यसको विधि प्रक्रिया, प्रर्दशनी समय, कथावस्तु, गीतमा प्रयुक्त भाषा आदिका आधारमा घाटुनाट्यको उठान नेपाली सभ्यताको प्रारम्भिक चरणमा भएको अनुमान लगाउन सकिन्छ । घाटु प्रदर्शनीको समय र प्रयुक्त भाषालाई विश्लेष गर्दा नवलपरासीको देवचुली क्षेत्रबाट विस्तार भएको बुझिन्छ । गौतम बुद्धको महापरिनिर्वाणपछि देवचुली क्षेत्रका मगरहरुले आफ्नो क्षेत्रका महान ब्यक्तित्वको आत्मालाई पनि सामुहिक एवं सार्वजनीका रुपमा परम्परागत मान्यता र प्रचलन अनुसार चोखो तथा पवित्र कन्याहरुको शरीरमा उतारेर पितृतार्ने वा आत्मा छुटयाउने संस्कार वैशाख पूर्णिमाका दिनमा गर्न थाले । यो परम्परा सेरोफेरोका अन्य वस्ति र अन्य जातिहरुमा समेत विस्तारीत हुँदै गयो । कालान्तरमा बुद्ध धर्मको प्रभाव कमजोर हुँदै जाने क्रममा भुरेटाकुरे राजा एवं स्थानीय मुखियाहरुको जीवन गाथाले स्थान वदलिदै गयो । यधपि घाटुनाट्य प्रदर्शन गरिने समय भने वैशाख पूणिमाको दिन नै रहन गयो । समय क्रमसंगै घाटुनात्यमा विभिन्न जातजातीय समुदायको मान्यता, प्रचलन र भाषाको प्रभावहरु थपिदै गए र वर्तमान अवस्थाको स्वरुप कायम रहन पुगेको देखिन्छ । त्यसकारण घाटु नेपाली संस्कृतिको साझापन अर्थात समिश्रित संस्कृतिको नमुना बनेर रहेको देखिन्छ ।



## सन्दर्भ सूची


अधिकारी, रामकुमार (२०७१), नेपाली एकभाषी शब्दकोशको शैक्षणिक उपयोग, विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय, काठमाडौं ।

अधिकारी, हेमाङ्गराज (२०६७), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०६१), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कात्रे, सुमित्रा मङ्गेस (१९६५ ई.), लेक्सिकोग्राफी, अन्नामाई युनिभर्सिटी, मद्रास, भारत ।

ज्ञवाली, सूर्यविक्रम (२०४०), नेपाली सङ्क्षिप्त शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

चापागाईं, नरेन्द्र (२०६२), नेपाली शब्दभण्डार, विराटनगर : श्याम पुस्तक भण्डार ।

चालिसे, चक्रपाणि ( वि.सं.१९९८), नेपाली बगली कोष, ललित पुर : साझा प्रकाशन ।

जुगुस्ता, लाडिस्लाव (१९७१ई.), म्यानुअल अफ लेक्सिकोग्राफी, मोन्टेन द हेग ज्याकी स्मिथ, डिक्सनरी अफ जोग्राफी हेनिमन अर्निल्ड, लन्डन ।

ढकाल, शान्ति प्रसाद(२०६७), प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम, काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गाना, रामचन्द्र (वि.सं.२००७), सङ्क्षिप्त नेपाली शब्दकोश, ललित पुर : साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गा प्रसाद दहाल (२०५९), प्रायोगिक भाषा विज्ञान, काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

दीक्षित, उषा र दिवाकर ढुङ्गेल (२०५७), नेपाली बाल शब्दकोश : ललित पुर : साझा प्रकाशन ।

पोखरेल, बाल कृष्ण (२०४०), *नेपाली बृहत शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, गोविन्द राज (२०६१), 'इलेक्ट्रोनिक युगलाई चुनौती' नेपाल (वर्ष ५, अङ्क ३३) पृ.४४ ।

भट्टराई, बद्री विशाल (२०६४), *नेपाली बृहत शब्दकोश (२०४०) को कोश वैज्ञानिक अध्ययन'*, विद्यावारिधि शोध प्रबन्ध त्रिवि ।

भट्टराई, बद्री विशाल र अन्य (२०६६), नेपाली बाल शब्दकोश, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

लम्साल, रामचन्द्र (२०५७), कोश विज्ञान र नेपाली कोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्र (२०५८), कोश विज्ञान, काठमाडौं : प्रस्तुति प्रकाशन ।

शर्म्मा, वसन्त कुमार (२०५७), नेपाली शब्दसागर, काठमाडौं : भाभा पुस्तक भण्डार ।

श्रीवास्तव, रवीन्द्र नाथ ( १९८० ई.), टाइपोलोजी अफ डिक्सनरिज : अ सोभिट एप्रोच, लेक्सिकोग्राफी इन इन्डिया : डिक्सनरी मेकिङ इन इन्डियन ल्याङ्ग्वेजः सर्भे एन्ड प्रोस्पेक्टस ।

श्रेष्ठ, दयाराम र अन्य (२०६३), विद्यार्थी नेपाली शब्दमाला, काठमाडौं : अक्सफोर्ड इन्टरनेस्नल पब्लिकेसन ।

सरल नेपाली शब्दकोश (२०४५), अनुभवी उपप्रध्यापकहरू (सम्पा.), काठमाडौं : रत्न पुस्तक भण्डार ।